# परिचय

प्रकृति र मानव समाज एक आपसमा अभिन्न रूपमा सम्बन्धित छन् । मानिसको जीविकोपार्जनको मुख्य आधार प्राकृतिक वा वातावरणीय स्रोत हुन्, जसमा उनीहरू प्रत्यक्ष वा परोक्ष रूपमा निर्भर रहन्छन् । तर प्राकृतिक स्रोतको प्रयोग गर्ने क्षमता र चाहना समाज, संस्कृति, प्रविधि र आर्थिक हैसियतअनुसार फरक फरक हुन्छ । यसकारण विश्वभर नै, देशभित्र होस् या समुदायभित्र, पर्यावरणीय फाइदाहरू (ecological benefits) असमान रूपमा वितरण भएका छन्, जुन द्वन्द्वको मूल कारण पनि बनेको छ ।

प्रविधिको विकाससँगै आएको उपभोगवादी संस्कृति र वातावरणको वहन क्षमताभन्दा बढी उपभोगका कारण प्रदूषणको समस्या दिनानुदिन बढ्दैछ । कतिपय फोहर या प्रदूषण मानव स्वास्थ्यको लागि निकै घातक छन् । अन्य फोहरले मानिस भर पर्नुपर्ने मुख्य तत्वहरू जस्तै हावा, पानी र माटोलाई प्रदूषित गरेका छन् जसले अन्ततोगत्वा मानिसको स्वास्थ्यलाई नै असर गर्दछ । साधारणतया यी फोहरहरूको बोझ गरिब देश/क्षेत्र/समाजले बढी बेहोर्नु परेको छ । वातावरणीय संरक्षण गर्ने उद्देश्यले सञ्चालित कार्यक्रमहरूले कुनै क्षेत्रको वातावरणमा सुधार ल्याए पनि अर्को क्षेत्रलाई प्रदूषणमय वा त्यस क्षेत्रको जीविकोपार्जनका आधारहरू बिगारिदिएका छन् ।

वातावरणीय फाइदाहरू र खतराहरूको समाजमा भएको असमान वितरणलाई रोक्न र प्रत्येक व्यक्तिको स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्न वातावरणीय न्यायको अवधारणाको विकास भएको हो । यस अवधारणाअनुसार कुनै पनि व्यक्तिको स्वास्थ्य बिग्रने गरी वातावरण प्रदूषण गर्नु हुँदैन, वातावरण प्रदूषण गर्नेले नै त्यसको बोझ उठाउनु पर्दछ तथा प्रत्येक व्यक्ति/समाजले आफ्नो प्राकृतिक स्रोतहरूमा समान पहुँच पाउनुको साथै यी स्रोतबाट हुने फाइदा उनीहरूले नै लिनुपर्दछ । तर व्यवहारमा यो कमै देखिएको छ । अहिले संसारको पर्यावरणीय स्थान[१] (ecological

[१] पर्यावरणीय स्थान भन्नाले वातावरण वा पर्यावरणको वहन क्षमताभित्र रहेर मानिसलाई खतरा नहुने गरी प्रदूषण गर्न सकिने क्षेत्र बुझिन्छ ।

space) को धेरै अंशको प्रयोग थोरै जनसङ्ख्या भएका केही विकसित देशहरूले गरेका छन्। सोहीअनुरूप गरिब देशले पनि विकासको नाममा प्रदूषण गर्ने हो भने मानव समाज नै खतरापूर्ण हुने निश्चितै छ। त्यस्तै प्रकारले कम विकसित क्षेत्रहरूमा पुस्तौंदेखि जम्मा गरिराखेको जैविक विविधता, परम्परागत ज्ञान तथा आनुवंशिक स्रोतको उपयोग गरेर विकसित देशहरूले ठूलो फाइदा लिएका छन् तर यी स्रोतका हकवालाहरू आफ्नो स्रोतबाट हुने फाइदाबाट वञ्चित हुनुपरेको छ। त्यस्तै, जैविक विविधता बचाउने नाममा गरिएका कतिपय कार्यक्रमले यिनै आदिवासी/रैथाने समाज–जसले जैविक विविधता बचाउन सहयोग गरेका छन्–नै मारमा परेका छन् र उनीहरूको जीविकोपार्जन सङ्कटमा परेको छ।

वातावरणीय न्यायको अवधारणा प्रकृतिको संरक्षण गर्न र गरिब तथा शक्तिविहीन व्यक्ति/समुदाय/देशलाई प्रदूषणको अन्यायपूर्ण बोझ हटाई उनीहरूको जिउने अधिकार र जीविकोपार्जन सुनिश्चित गर्न सहयोग पुऱ्याउनको लागि विकास गरिएको अवधारणा हो। यस्ता नयाँ अवधारणाहरू समाजको भौतिक तथा प्राविधिक विकाससँगै आइरहेका हुन्छन्। किनभने नयाँ अवस्थामा नयाँ सामाजिक/न्यायिक/राजनीतिक व्यवस्थाको आवश्यकता पर्दछ। अत्याधुनिक प्रविधिको विकासले गर्दा कुनै व्यक्तिको वातावरण बिगार्ने क्षमतामा अत्यधिक वृद्धि भएको छ। यसकारण नयाँ कानूनी तथा सामाजिक व्यवस्थाको आवश्यकता छ जसले सो व्यक्तिको वातावरण बिगार्ने कार्यलाई रोक्न सकोस्। अर्कोतर्फ नयाँ प्रविधिको प्रयोगले प्रदूषण कम गरी विकास गर्ने सम्भावनाहरू पनि बढाएको छ। यस्तो सम्भावनालाई व्यवहारमा परिणत गर्न पनि नयाँ कानूनी तथा सामाजिक व्यवस्थाको आवश्यकता पर्दछ। वातावरणीय न्यायले अहिलेको सन्दर्भमा वातावरण नबिगारी विकासका नयाँ बाटाहरू खोज्ने प्रयासमा सहयोग पुऱ्याउँछ।

वातावरण नबिगारी विकास गर्ने वा प्रदूषणको भार प्रदूषकलाई नै लगाउने सिद्धान्तहरू पनि प्रतिपादन भएका छन्, जुन क्रमशः 'दिगो विकास' र 'प्रदूषकले बेहोर'को सिद्धान्तको रूपमा परिचित छन्। तर वातावरणीय न्याय यी अवधारणाहरूभन्दा फरक छ, यद्यपि यी अवधारणाहरूलाई संयुक्त रूपमा प्रयोग गर्न सके वातावरणीय न्यायको स्थिति राम्रो बनाउन सघाउ पुग्दछ। वातावरणीय न्याय अधिकारमुखी (rights based) छ भने अन्य अवधारणाहरूले मुख्यतः आर्थिक वा गणितीय हिसाब-किताबलाई आधार मान्दछन्। 'स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार' एउटा मानव अधिकार हो र प्रत्येक नागरिकले यो अधिकार प्राप्त गर्नुपर्दछ। यसमा कुनै गणितीय फाइदा बेफाइदाको सिद्धान्त लागू हुँदैन। यसै परिप्रेक्ष्यमा 'प्रदूषकले बेहोर'को सिद्धान्तलाई हेर्न सकिन्छ। प्रदूषकले जति नै रकम तिरे पनि कुनै व्यक्तिको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारलाई हनन् गर्न मिल्दैन। 'दिगो विकास'को अवधारणाले पनि विकसित देशहरूले गरेको वातावरणीय अन्यायलाई हटाउने कुनै प्रयास गरेको देखिँदैन किनभने यसले विकसित देशले आफ्नो भौतिक उपभोगलाई कम गरेर यसबाट हुने बचत गरिब देशहरूको

विकासमा नलाएसम्म उनीहरूले आजभन्दा पहिला उपभोग गरेको 'पर्यावरणीय स्थान'लाई न्यायपूर्ण मान्न सकिँदैन । यसबाट 'अन्तरसन्ततीय समन्याय' (intergenerational equity) पनि सम्भव छैन किनभने जबसम्म विश्वभर अहिलेको स्रोतको उपभोगमा कमी ल्याइँदैन, विश्वको वातावरण बिग्रने कुरा निश्चित छ । अहिले विकसित देशले गरेको जस्तै उपभोग सबै देशले गर्न थालेमा ६ वटा विश्व आवश्यक पर्छ भन्ने अनुमान गरिएको छ ।

गरिब तथा विकासशील देशहरूमा वातावरणीय न्याय त्यहाँका नागरिकको जीविकोपार्जनसँग प्रत्यक्ष सम्बन्धित छ । प्राकृतिक स्रोतमा सीधा निर्भर हुनुपर्ने अवस्थामा यस्ता स्रोतको संरक्षण र यिनको फाइदामा पहुँच हुन आवश्यक पर्दछ । प्राकृतिक स्रोत माथिको पहुँच र फाइदाको न्यायोचित वितरणको सुनिश्चितताको लागि सम्भावित वञ्चित वा प्रभावित हुनसक्ने समूहको र सरोकारवालाको निर्णय प्रकृयामा पहुँच हुनु जरुरी छ। निर्णयमा पहुँच पुऱ्याउन र सहयोग गर्न सूचनामा पनि उनीहरूको पहुँच हुनुपर्दछ। प्राकृतिक स्रोतको दिगो संरक्षण तबमात्र सम्भव हुन्छ जब त्यसको फाइदाको वितरणमा सामाजिक न्यायको पक्षलाई समाहित गरिन्छ ।

नेपाल जस्तो विकासोन्मुख देशमा पनि शहरी जनसङ्ख्या बढिरहेको छ र शहरीकरणको प्रकृयामा पनि द्रुत वृद्धि भएको छ। शहरी जनसङ्ख्या, त्यसमा पनि गरिब, अशक्त तथा कमजोर समूह/वर्गको जीविकोपार्जनको सुरक्षा तबमात्र सम्भव हुन्छ, जब वायु प्रदूषणमा कमी आउँछ, सफा खानेपानीको व्यवस्था तथा खाद्य सुरक्षा र बस्ने ठाउँको व्यवस्था हुन्छ। यी अवस्थाहरू नागरिकहरूको स्वास्थ्यस्थिति उजिल्याउन पनि आवश्यक पर्दछन्। स्वास्थ्य राम्रो भएमा उनीहरूको आय आर्जन गर्ने क्षमता वृद्धि हुन्छ। आधारभूत शिक्षा तथा रोजगारीको अवसरमा पहुँच हुनु पनि वातावरणीय न्यायको चासोको विषय हो ।

अहिले वातावरणीय न्यायको क्षेत्र विस्तार हुँदै गएको छ । शुरुमा यो केवल प्रदूषणको दुष्प्रभावको वितरणमा केन्द्रित थियो तर अहिले आएर यसको क्षेत्र विस्तार भई यसले जीविकोपार्जनका सम्पूर्ण पक्षमा पीडित तथा कमजोर पक्षको पहुँच हुनुपर्दछ भन्ने मान्यता राख्दछ। कुनै पनि अवधारणा सामाजिक संरचना र अवस्थाको उपज भएकोले सामाजिक, आर्थिक वा प्रविधिको विकाससँग सो अवधारणाको क्षेत्र पनि व्यापक हुँदै जान्छ। यो तथ्य वातावरणीय न्यायको क्षेत्रमा पनि देख्न सकिन्छ। यसले ओगट्ने क्षेत्रको सीमा परिवर्तन हुँदै जाने भएकोले यसलाई निश्चित रूपमा परिभाषित गर्न गाह्रो पर्छ, परिरहेको छ। जीविकोपार्जनको सुरक्षा र बाँच्ने अधिकारको सुरक्षा जस्ता विस्तृत क्षेत्र ओगटेकाले वातावरणीय न्यायको क्षेत्र एकदमै बृहत छ ।

## वातावरणीय न्यायसम्बन्धी नेपाली भाषाका पाठ्यसामग्रीको आवश्यकता

सन् १९७२ मा स्टकहोममा भएको 'वातावरण र विकास'सम्बन्धी सम्मेलनपछि वातावरण शिक्षाको विस्तार भएको छ र वातावरण हेर्ने विशेषज्ञहरू उत्पादन गर्ने गरिएको छ । नेपालमा पनि सरकारीस्तरमा वातावरणीय विज्ञानको पढाइ हुने

गरेको छ भने निजी क्षेत्रमा थुप्रै वातावरणसम्बन्धी कलेजहरू खुलेका छन् । तथापि वातावरणीय न्यायसम्बन्धी 'कोर्स' स्कूल, कलेज तथा विश्वविद्यालयमा अध्यापन गरिँदैन । अहिले सञ्चालनमा रहेका कलेजका पाठ्यक्रममा वातावरणको प्राविधिक पक्षलाई ज्यादा महत्व दिइएको छ । कतिपय अवस्थामा वातावरणीय अन्यायको स्थिति प्राविधिक पक्षमा मात्र जोड दिने वातावरण विशेषज्ञबाट पनि भएको देखिएको छ ।

वातावरणीय समस्याहरू समाधान गर्न वातावरण संरक्षण र सामाजिक न्यायको संयोजन हुनु आवश्यक छ । विद्यार्थीहरूलाई यसबारे शिक्षा दिन 'वातावरणीय न्याय' सम्बन्धी कोर्स, पाठ्यक्रम र पाठ्यसामग्री आवश्यक पर्दछ । पाठ्यसामग्रीको अभावमा र विदेशी पाठ्यसामग्रीमा पहुँच नहुँदा (भाषा र मूल्यका कारणले) वातावरणीय न्यायसम्बन्धी कोर्स आवश्यक भएको महसुस भए पनि हाल सम्भव नभएको धारणा काठमाडौँमा आयोजित एउटा गोष्ठीमा व्यक्त भएको थियो । केही विदेशी पुस्तकहरू उपलब्ध छन् तर ती पुस्तकले दिने उदाहरणहरू र वास्तविकताको लेखाजोखा नेपालको सन्दर्भ र आवश्यकताभन्दा फरक पनि हुनसक्दछ । त्यसकारण वातावरणीय न्यायसम्बन्धी नेपाली भाषाको र नेपाली सन्दर्भलाई अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा विश्लेषण गरिएको पाठ्यसामग्रीको आवश्यकता महसुस गरिएको छ । र, त्यसैको फलस्वरूप यो पुस्तक तयार गरिएको हो । यो एउटा सानो प्रयास मात्र हो र यससम्बन्धी धेरै काम गर्न बाँकी नै छ ।

वातावरणीय न्यायको अवधारणा बुझ्न र यसलाई आत्मसात गर्न वातावरण संरक्षण, प्राकृतिक स्रोत संरक्षण, जैविक विविधता र जीविकोपार्जन सुरक्षासम्बन्धी काम गर्ने नीति-निर्माता, कार्यक्रम लागू गर्नेहरू तथा जनतासँग काम गर्ने कार्यकर्ता-सम्मलाई आवश्यक छ । यस्तै गरेर अहिले वातावरणको संरक्षणमा न्यायिक क्षेत्रको चासोमा वृद्धि भएको पाइएको छ । न्यायिक क्षेत्रको जनशक्तिलाई वातावरणीय क्षेत्रका प्राविधिक, सामाजिक र आर्थिक क्षेत्रको सूचना पनि आवश्यक हुन्छ । यो 'स्रोत सँगालो'ले यी आवश्यकता पूर्ति गर्ने विश्वास गरिएको छ । वातावरणीय न्यायसम्बन्धी सामग्रीहरूको आवश्यकतालाई महसुस गरेर नै  मार्टिन चौतारीले यसअघि तीनवटा पुस्तक/पुस्तिका प्रकाशन गरेको हो । भविष्यमा पनि यो क्षेत्रसँग सम्बन्धित अन्य सामग्री प्रकाशन गर्ने लक्ष्य मार्टिन चौतारीले लिएको छ ।

## पुस्तकमा समावेश विषयहरू

दश खण्डमा बाँडिएको यो पुस्तकमा वातावरणीय न्यायसम्बन्धी विभिन्न विषयहरूलाई समेटिएको छ । प्रत्येक खण्डले वातावरणीय न्यायसम्बन्धी कुनै एक क्षेत्र/विषयलाई समेटेको छ जसमा सो विषय/क्षेत्रको सैद्धान्तिक पक्षलाई समेट्ने लेख, अनुसन्धानमूलक लेख र ती लेखहरूले उठाएका सवालहरूलाई पुष्टि गर्न विभिन्न पत्रपत्रिकामा प्रकाशित रिपोर्टिङहरू समावेश गरिएका छन् । रिपोर्टिङहरू उदाहरण अथवा 'केस स्टडिज'को रूपमा प्रस्तुत गर्न समावेश गरिएका हुन् । पुस्तकमा सम्मिलित कतिपय

लेखहरू मार्टिन चौतारीको 'वातावरणीय न्यायको पैरवी' कार्यक्रममा सहयोग पुऱ्याउन तयार गरिएका हुन् र विभिन्न गोष्ठीहरूमा प्रस्तुत भैसकेका छन् ।

पुस्तकको पहिलो खण्डमा समावेश लेखहरूले वातावरणीय न्याय तथा समन्यायको अवधारणा तथा यसमा अन्तरनिहित सिद्धान्तहरूको व्याख्या र विश्लेषण गरेका छन् । यस खण्डका चारवटा लेखले वातावरणीय न्याय तथा समन्यायको अवधारणा किन शुरु भयो, नेपाल जस्तो विकासशील देशका लागि यो अवधारणाले कस्तो सहयोग पुऱ्याउन सक्छ तथा अहिलेको विश्व परिस्थितिमा वातावरणीय न्याय तथा समन्यायसम्बन्धी मुख्य सवालहरू के के हुन सक्दछन् भन्नेबारेमा विस्तृत छलफल गरेका छन् ।

खण्ड दुईले सामाजिक अवस्था–जसअन्तर्गत सामाजिक संरचना, विकासका अवधारणाहरूको उत्पादन र प्रयोग, शिक्षा आदि पर्दछन्–ले वातावरणीय न्यायलाई कस्तो र कसरी प्रभाव पार्छ भन्ने विश्लेषण उदाहरणसहित प्रस्तुत गरिएको छ । नेपाली समाज जात, वर्ग, लिङ्ग, उमेर, क्षेत्र आदिको संयोजनले बनेको हुँदा र विभिन्न पेशा पनि जात/वर्ग/लिङ्गअनुसार केही सम्बन्धित भएकोले वातावरणीय फाइदा तथा हानिहरू समान रूपमा वितरण नभएको तथ्य यो खण्डले देखाउँदछ । प्रभुत्वशाली वर्ग/जातको प्रभाव शिक्षा तथा विकासका अवधारणामा पर्ने र यसले पुनः सामाजिक/वातावरणीय अन्याय सृजना गर्ने तर्क यो खण्डका लेखको छ । नेपालभित्र यो समस्या छ भने विश्व परिस्थितिमा नेपालले पीडित समूहको व्यवहार भोगिरहनु परेको छ ।

तेस्रो खण्ड 'सूचना तथा सञ्चार प्रणाली'सँग सम्बन्धित छ । यस खण्डका लेखहरूले वातावरणीय न्यायका लागि सूचनाको हक किन महत्वपूर्ण हुन्छ तर व्यवहारमा यस्ता हकहरू किन हनन् हुन्छन् भन्ने तथ्य उजागर गरेका छन् । विश्वव्यापीकरण र पूँजीवादी संस्कृतिको विस्तारले गर्दा सूचना प्रणाली कसरी धनी र बहुराष्ट्रिय कम्पनीको नियन्त्रणमा गएका छन् तथा सूचना प्रणालीमा भएको एकाधिकारले सञ्चारको प्रयोग बजारको नियन्त्रण बढाउनेतर्फ भएकोले यसले वातावरणीय न्यायमा नकारात्मक असर पारेको यो खण्डका लेखहरूले देखाउँछन् । यस्तो अवस्थामा कसरी स-साना सूचना प्रणालीमा पहुँच पुऱ्याएर साधारण जनताको जीविकोपार्जन र बाँच्ने अधिकार संरक्षण गर्न सहयोग गर्न सकिन्छ भन्ने केही सुझाव लेखहरूमा दिइएको छ ।

पुस्तकको चौथो खण्डमा संसारभर प्रचलित विभिन्न वातावरणीय आन्दोलनहरू र आन्दोलन सञ्चालन गर्ने व्यक्ति/व्यक्तित्वहरूबारे संक्षेपमा चर्चा गरिएको छ । यी आन्दोलनका उद्देश्य, समानता तथा भिन्नताहरूको पनि यो खण्डमा लेखाजोखा गरिएको छ । पश्चिमी देशहरूमा र विकासशील देशमा चलेका आन्दोलनहरूको उद्देश्यमा भिन्नता पाइएको छ । पहिलो खाले मुख्यतः वातावरण संरक्षणमा ध्यान दिएका छन् भने पछिल्लोले वातावरण संरक्षण गरी जीविकोपार्जन सुरक्षालाई मुख्य सवाल बनाएको पाइएको छ । पछिल्ला वातावरणीय आन्दोलनहरूलाई वातावरणीय न्यायका

आन्दोलनको रूपमा हेरिएको छ । नेपालको सन्दर्भमा देखिएका आन्दोलन वा विद्रोही भावनाहरू बारेका लेख र रिपोर्टिङहरू पनि यस खण्डमा सम्मिलित छन् ।

खण्ड पाँच र छ प्राकृतिक स्रोतसँग र परम्परागत ज्ञानसँग सम्बन्धित छन् । खण्ड पाँचले जैविक विविधता, परम्परागत ज्ञान र अहिले व्यापक रूपमा प्रचारित जैविक र आनुवंशिक प्रविधिबाट नेपाल जस्तो देशको खाद्यसुरक्षामा पर्नसक्ने प्रभावको विश्लेषण गरेको छ । विश्वव्यापीकरण र विश्व व्यापार सङ्गठनका प्रावधानले कसरी विकासोन्मुख देशमा कृषकहरू आफ्नो नियन्त्रणमा भएका जैविक स्रोत र ज्ञानको फाइदाबाट वञ्चित भएका छन् र आफ्नो अधिकार संरक्षण गर्न सकेका छैनन् भन्नेबारे उदाहरणसहित चर्चा गरिएको छ । छैठौं खण्डमा विशेषतः वन तथा स्रोत व्यवस्थापनका विभिन्न पक्षहरू जस्तै सामुदायिक वन, कबुलियती वन, राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र आदि कसरी विकसित भए, कसरी लागू भएका छन् र यिनीहरूको वातावरणीय न्याय सम्बन्धमा कस्तो प्रभाव छ भन्नेबारे विस्तृत विश्लेषण गरिएको छ । त्यस्तै गरेर जडीबुटी, खानी तथा पर्यावरणीय पर्यटनको स्थिति र प्रभावबारे पनि यो खण्डमा चर्चा र विश्लेषण गरिएको छ ।

'विकास र वातावरण' खण्ड सातको मुख्य विषय हो । दिगो विकासको अवधारणा र कार्यान्वयन पक्षलगायत विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालले विकास र वातावरणसम्बन्धी प्रस्तुत गर्ने एजेण्डाको निर्माण प्रकृयाबारे यो खण्डमा चर्चा गरिएको छ । नेपालमा विकास र वातावरणसम्बन्धी भएका विवाद र छलफलहरू यहाँ समेटिएको छ । विकासको प्रतिफल शहरमा पुग्ने तर यसबाट उब्जिने वातावरणीय विनाशको बोझ ग्रामीण समाजले बेहोर्नुपर्ने विकास योजनाबारेका लेखहरू उदाहरण-स्वरूप यस खण्डमा समावेश गरिएको छ ।

खण्ड आठ र नौले क्रमशः 'प्रदूषण र जनस्वास्थ्य' र 'शहरी सन्दर्भमा वातावरणीय न्याय' विषय ओगटेका छन् । खण्ड आठमा वायु प्रदूषण, जल प्रदूषण, माटो प्रदूषण, विषादीको अनियन्त्रित उपयोगले शहर तथा गाउँको जनस्वास्थ्यमा कस्तो प्रभाव पारिरहेको छ, यस्तो प्रभावमा कस्ता व्यक्ति/समूहहरू पर्दछन् भन्ने व्याख्या गरिएको छ र उदाहरणस्वरूप विभिन्न रिपोर्टिङहरू पनि समावेश गरिएको छ । प्रदूषणबाट धेरै असर पर्ने व्यक्ति वा समूहहरूमा मुख्यतः केटाकेटी, बूढाबूढी र महिलाहरू देखिएका छन् । तर प्रदूषण गर्ने व्यक्तिहरू भने साधारणतया प्रदूषणको नकारात्मक असरबाट टाढै रहेका छन् भन्ने यस खण्डले देखाउँछ । प्रदूषणले गर्दा श्वास-प्रश्वास, मुटुको रोग, क्यान्सर तथा असाधारण प्रकृतिका बच्चा जन्मने जस्ता नकारात्मक असरहरू बढ्दै गएका छन् । खण्ड नौमा बढ्दो शहरीकरणले सृजना गरेका नयाँ समस्याहरू र तिनले वातावरणीय न्यायमा पारेको प्रभावसम्बन्धी व्याख्या र विश्लेषण गर्ने लेखहरू समावेश छन् । सुकुमबासी समस्या, नदी प्रदूषणको समस्या, ढल निकासको समस्या, शहरको फोहरले र प्रदूषणले अन्य क्षेत्रमा पार्ने वातावरणीय अन्यायलाई यस खण्डमा समेटिएको छ ।

पुस्तकको अन्तिम खण्डमा नेपालले वातावरण संरक्षण गर्न बनाएका नीति, नियम तथा कानूनहरूसम्बन्धी लेख समावेश गरिएको छ। साथै नेपालले हस्ताक्षर गरेका वातावरणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौताको विवरण समेत यो लेखमा समावेश गरिएको छ । यी अन्तर्राष्ट्रिय सन्धि/सम्झौताले पनि कानूनी मान्यता पाउने भएकाले यिनलाई प्रयोग गरी नेपालमा वातावरणीय अन्याय कम गर्ने सम्भावना रहेको लेखहरूले देखाउँछन् । ♦